# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
फ्याक्स: ०१-४४५०३५६
टोल फ्रि नं.: १६६००१२७७७७


पत्र संख्याः०७७/७८

च.नं. २६८६

मितिः २०७७।१०।१४

श्री वडा कार्यालयहरु,

सवै,

कागेश्वरी मनोहरा नगरपालिका ।

**विषयः <u>सूचना टाँस गरी दिने सम्वन्धमा</u> ।**

प्रस्तुत विषयमा निर्वाचन आयोग, नेपाल सहायक नाम दर्ता अधिकारीको कार्यालय, कागेश्वरी मनोहरा नागरपालिकाको मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम सम्बन्धी सूचना यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । उक्त पत्रसाथ संलग्न सूचना टाँस गरी दिनुहुन अनुरोध छ । साथै मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७७ बमोजिमका सबै क्रियाकलाप कागेश्वरी मनोहरा नगरपालिका वडा नं ५ कार्यालयबाट सञ्चालन हुने भएको व्यहोरा समेत नागरवासीहरुमा जानकारी गराई दिनुहुन अनुरोध छ ।

(सीता अधिकारी)
अधिकृतस्तर आठौं

**नोटः सहायक नाम दर्ता अधिकारी: रमेश सिंह भण्डारी, सम्पर्क नं. ९८४५६३२४०७**

निर्वाचन आयोग, नेपाल

सहायक नाम दर्ता अधिकारीको कार्यालय ............................

मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम सम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७७ देहायका क्रियाकलापसहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | समय | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | 2077/10/15 | | बिहान १०.00 बजे | मतदाता नामावली ऐन, २०७३ को दफा १३ | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी |
| २ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन सम्बन्धित सहायक नाम दर्ता अधिकारीको कार्यालयमा निवेदन दिने | 2077/10/16 | 2077/10/18 | बिहान १०.00 बजे देखि बेलुकी ५.00 बजेसम्म | मतदाता नामावली ऐन, २०७३ को दफा १४ | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धीत मतदाता वा निजको परिवारको सदस्य |
| ३ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | 2077/10/16 | 2077/10/17 | बिहान १०.00 बजे देखि बेलुकी ५.00 बजेसम्म | मतदाता नामावली ऐन, २०७३ को दफा १५ | सहायक नाम दर्ता अधिकारीको कार्यालय | कुनै पनि मतदाता |
| ४ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने (एकै स्थानीय तहभित्र भए सहायक नाम दर्ता अधिकारीको कार्यालयमा, एकैजिल्लाभित्रको फरक फरक स्थानीय तहभित्र भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक फरक जिल्लामा भए प्रमुख नाम दर्ता अधिकारी मार्फत आयोगमा निवेदन दिने) | 2077/10/16 | 2077/10/18 | बिहान १०.00 बजे देखि बेलुकी ५.00 बजेसम्म | मतदाता नामावली ऐन, २०७३ को दफा १६ | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता |
| ५ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | 2077/10/16 | 2077/10/18 | बिहान १०.00 बजे देखि बेलुकी ५.00 बजेसम्म | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाताको एकाघरको सदस्य वा अन्य कुनै मतदाता |
| ६ | बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने | 2077/10/16 | 2077/10/17 | - | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | स्थानीय पञ्जिकाधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी |
| ७ | क्र.सं. ३ बमोजिम उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | 2077/10/18 | 2077/10/19 | - | | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी/सम्बन्धित मतदाता |
| ८ | क्र.सं. २ बमोजिम त्रुटि सच्याउनको लागि प्राप्त निवेदन उपर जाँचबुझ गरी त्रुटि सच्याउनको लागि प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश गर्नको लागि विवरण तयार गर्ने । | 2077/10/18 | 2077/10/20 | - | मतदाता नामावली ऐन, २०७३ को दफा १४(२) | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी/प्रमुख नाम दर्ता अधिकारी |
| ९ | क्र.सं. ४ बमोजिम निवेदन प्राप्त भएपश्चात सम्बन्धित स्थानीय तह भित्रै दोहोरो परेको भए सहायक नाम दर्ता अधिकारी स्वयंले जाँचबुझ गरी नाम हटाउने सम्बन्धमा निर्णय गर्ने सो बाहेकका दोहोरो परेको हकमा प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश गर्नुपर्ने । | 2077/10/18 | 2077/10/20 | - | मतदाता नामावली ऐन, २०७३ को दफा १७ | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी |

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | समय | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|---|
| १० | क्र.सं. ५ बमोजिम प्राप्त सूचना र क्र.सं. 6 बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको हकमा जाँचबुझ गरी सहायक नाम दर्ता अधिकारीले नै हटाउने निर्णय गर्ने । नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा सहायक नाम दर्ता अधिकारीले आवश्यक छानबीन गरी नाम हटाउनको लागि प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश गर्ने । | 2077/10/18 | 2077/10/20 | - | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी |
| ११ | सूचना/निवेदन प्राप्त नभएतापनि कुनै मतदाता बँसाईसरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको व्यहोरा प्रमाणित हुन आएमा त्यस्तो मतदाताको नाम नामावलीबाट हटाउन प्रमुख नाम दर्ता अधिकारी समक्ष सिफारिस गर्ने । | 2077/10/18 | 2077/10/20 | - | मतदाता नामावली ऐन, २०७३ को दफा १७ | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १२ | क्र.सं. ३ बमोजिम परेको उजुरी र क्र.सं. ७ बमोजिम सम्बन्धित मतदाताले दिएको सफाइको आधारमा उक्त मतदाताको नामावलीबाट नाम हटाउने वा राख्ने सम्बन्धमा प्रमुख नाम दर्ता अधिकारी समक्ष सिफारिस गर्ने । | 2077/10/20 | 2077/10/20 | - | | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी/प्रमुख नाम दर्ता अधिकारी |
| १३ | क्र.सं. ९,१०, ११ र १२ बमोजिम नाम हटाइएको वा हटाउनलाई सिफारिस गरेको सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्ने | 2077/10/21 | | बिहान १०.00 बजे | मतदाता नामावली ऐन, २०७३ को दफा १८(३) | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी कार्यालय |
| १४ | सहायक नाम दर्ता अधिकारीले मतदाता नामावली अद्यावधिक कार्यक्रममा प्रयोग भएका सबै कागजात तथा सामग्री प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा बुझाउने | 2077/10/21 | 2077/10/24 | - | | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी |
| १५ | क्रसं. ८ बमोजिम त्रुटि सच्याउने वा क्र.सं. १३ बमोजिमको नाम हटाउने सम्बन्धमा सहायक नाम दर्ता अधिकारीबाट प्राप्त सिफारिस बमोजिम निर्णय गर्ने । | 2077/10/22 | 2077/10/26 | - | | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १६ | क्र.सं. १५ बमोजिम प्रमुख नाम दर्ता अधिकारीबाट भएको निर्णय बमोजिम नाम हटाइएका वा त्रुटी सच्याइएका मतदाताको विवरण प्रकाशन गर्ने | 2077/10/26 | | दिउँसो १.00 बजे | | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १७ | क्र.सं. ४ बमोजिम फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासंगै आयोगमा पठाउने | 2077/10/26 | 2077/11/02 | - | | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय/निर्वाचन आयोग | प्रमुख नाम दर्ता अधिकारी |

*द्रष्टव्यः सहायक नाम दर्ता अधिकारीको कार्यालय शुक्रबार तथा सार्वजनिक बिदाका दिनमा समेत बिहान १०.00 बजेदेखि बेलुकी ५.00 बजेसम्म खुला रहनेछ ।*